# आर्थिक वर्ष २०८१।०८२ को
# वजेट वक्तव्य

शैल्यशिखर नगरपालिका

गोकुलेश्वर, दार्चुला

२०८१

# शैल्यशिखर नगरपालिकाका नगर उपप्रमुख
# श्री शान्ति खडायतले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१।०८२ को
# वजेट वक्तव्य

शैल्यशिखर नगरपालिका
गोकुलेश्वर, दार्चुला

१५ औं नगरसभाका अध्यक्षज्यू

नगरसभा सदस्यज्यूहरु,

१. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ मा व्यवस्था भए बमोजिम शैल्यशिखर नगरपालिकाको वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले शैल्यशिखर नगरपालिकाको गरिमामय नगरसभा समक्ष आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत वजेटलाई समावेशिकरण र उत्पादनमूलक, प्रशासनिक खर्च, राजस्व बाँडफाँड र आन्तरिक राजश्ववाट प्राप्त हुने रकम बजेटको रुपमा प्रस्तुत गरेको छुँ ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ति र संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका आन्दोलन राजनितिक क्रान्ति एवम् संघर्षलाई स्मरण गर्न चाहन्छुँ । जनाधिकार र राजनितिक परिवर्तनका लागि आफ्नो अमूल्य जिवन बलिदान गर्ने सहिदहरुप्रति उच्च सम्मान तथा हार्दिक श्रद्धान्जली व्यक्त गर्दछुँ । घाईते योद्धा र वेपत्ता नागरिक प्रति उच्च सम्मान र परिवार प्रति गहिरो सहानुभुति प्रकट गर्न चाहन्छु साथै लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ राजनितिक परिवर्तनको नेतृत्व गर्ने नेतागण तथा आम परिवर्तकारी जनताप्रति हार्दिक नमन व्यक्त गर्दछुँ ।

३. गरिवीको रेखामुनी रहेका तथा विभेद र बहिष्करणमा परेका बर्ग क्षेत्र लिङ्ग जाति र समुदाय लगायत सबै नागरिकको विकास र समृद्धीको आकाँक्षा सम्बोधन गर्न बजेट केन्द्रित गरेको छुँ ।

४. संघिय लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीको आधार स्तम्भको रुपमा रहेको स्थानीय तह शैल्यशिखर नगरपालिको आन्तरिक आय बृद्धी गर्ने करका दायराहरु खोजी गरी थप आय बृद्धी गर्ने गरी अनुमान गरिएको छ ।

५. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान नेपालको दिगो विकास लक्ष्य, पन्ध्रौं योजनाको  लक्ष्य ,स्थानीय सरकार सञ्चालन ऐन, शैल्यशिखर नगरपालिको विनियोजन ऐन २०८० को सिद्धान्त र प्राथमिकता , नगरसभा सदस्यबाट प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिएको छुँ साथै शैल्यशिखर नगरपालिकाकाका आम नागरिक, राजनितिक दल, विद्धत बर्ग ,नागरिक समाज, निजि क्षेत्र लगायत पिछडिएका एवम् सिमान्तकृत वर्ग सहित सरोकारवालाबाट प्राप्त सुझावलाई समेत आधार लिएको छुँ ।

६. अव म शैल्यशिखर नगरपालिकाको चालु आर्थिक वर्ष २०८०।०८१ को विद्यमान अवस्थाका सम्वन्धमा केही कुरा प्रस्तुत गर्न चाहान्छु ।

७. चालु आर्थिक वर्षको पूँजीगत खर्च संघिय सरकारले २५ प्रतिशत रकम निकासा नदिने भनेपछि प्रभावित भएको छ साथै आन्तरिक आम्दानी तोकेको लक्ष्य भन्दा कम भएको छ ।

८. चालु आर्थिक वर्षमा शैल्यशिखर नगरपालिकाको आन्तरिक राजश्व संकलन वार्षिक लक्ष्य १ करोड ६० लाख भएकोमा राजश्व संकलन अनुमान भन्दा धेरै न्यून अर्थात २३ लाख २ हजार ७४ मात्र संकलन भएको छ ।

**नगरसभा अध्यक्ष ज्यू**

९.  अव म बजेटको उदेश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

क. उपलब्ध स्रोत साधन श्रमपुँजी र प्रविधिको एकिकृत परिचालनबाट रोजगारीको सिर्जना र गरिवी निवारणका गर्ने ।

ख. वित्तिय अनुशासन कायम गर्ने ।

ग. आर्थिक तथा सामाजिक रुपान्तरणबाट सन्तुलित समावेशी आत्मनिर्भर र समाजवाद उन्मुख बजेट निर्माण गर्ने ।

**नगरसभा अध्यक्ष ज्यू ,नगरसभा सदस्यज्यूहरु**

७. अव म बजेटको प्राथमिकता प्रस्तुत गर्न गईरहेको छुँ ।

क. सामाजिक विकास ।

ख. कृषि क्षेत्रको रुपान्तरण ।

ग. सरकारी निजि सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धी ।

घ. पुर्वाधार विकास ।

ङ. प्रभावकारी सार्वजनिक सेवा र सुशासन र पारदर्शिता।

**नगरसभा अध्यक्षज्यू एवम् नगरसभा सदस्यज्यूहरु**

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम शैल्यशिखर नगरपालिको आर्थिक ऐन २०८१ प्रस्तुत गर्ने अनुमति चाहन्छुँ ।

नगरसभा अध्यक्ष ज्यू एवंम् नगरसभा सदस्यज्यूहरु अव म अगामी आर्थिक वर्षको वजेट सभा समक्ष पेश गर्ने अनुमति चाहान्छु ।

**आय अनुमान**

| शीर्षक | आ.व.२०८१/०८२ को अनुमान | अक्षरमा |
|---|---|---|
| आन्तरिक श्रोत | ८,००,०००। | असी लाख मात्र |
| **संघिय सरकार** | **५४,७७,२४,०००।** | **चौवन्न करोड सतहत्तर लाख चौविस हजार मात्र** |
| समानिकरण अनुदान | १२,५९,००,०००। | वाह्रकरोड उनान्साठी लाख मात्र |
| शसर्त अनुदान चालु | २९,१९,२४,०००। | उनन्तिस करोड उन्नाईस लाख चौविस हजार मात्र |
| शसर्त अनुदान पुँजीगत | २,६३,००,०००। | दुई करोड त्रिरसठ्ठी लाख मात्र |

| | | |
|---|---|---|
| समपुरक अनुदान पुँजीगत | १,००,००,०००। | एक करोड मात्र |
| राजश्व बाँडफाडवाट संघ | ९,३६,००,०००। | नौ करोड छत्तिस लाख मात्र |
| **प्रदेश सरकार** | **५,१६,८०,०००।** | **पाँच करोड सोह लाख असी हजार मात्र** |
| समानिकरण अनुदान | १,१९,४३,०००। | एक करोड उनाईस लाख त्रिचालिस हजार मात्र |
| शसर्त अनुदान चालु | १०,३०,०००। | दश लाख तिस हजार मात्र |
| शसर्त अनुदान पुँजीगत | ६४,००,०००। | चौसठ्ठी लाख मात्र |
| विषेस अनुदान चालु | ७५,००,०००। | पचहत्तर लाख मात्र |
| समपुरक अनुदान पुँजीगत | २,०५,०२,०००। | दुई करोड पाँच लाख दुई हजार मात्र |
| राजश्व बाँडफाँड प्रदेश | ४३,०५,०००। | त्रिचालिस लाख पाँच हजार मात्र |
| **कुल जम्मा आय अनुमान** | **६०,७४,०४,०००।** | **साठी करोड चौहत्तर लाख चार हजार मात्र** |

व्यय अनुमान

| खर्चको प्रकार | रकम | अक्षरमा |
|---|---|---|
| चालु | ४६,४६,९३,५०६। | छयालिस करोड छयालिस लाख त्रियानव्वे हजार पाँच सय छ मात्र |
| पुँजिगत | १४,२७,१०,४९४। | चौध करोड सत्ताईस लाख दश हजार चार सय चौरानव्वे मात्र |
| जम्मा | ६०,७४,०४,०००। | साठी करोड चौहत्तर लाख चार हजार मात्र |